नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र संख्याः २०८१।०८२

चलानी नं.: ३९८

मितिः २०८२।०२।१९

विषयः आवश्यक सहजीकरण गरिदिने सम्बन्धमा ।

श्री गाउँपालिका (सबै) ।

श्री नगरपालिका (सबै) ।

सत्य निरुपण तथा तथा मेलमिलाप आयोग, नेपालको प. सं. २०८१ /०८२, च. नं. २०४, मिति २०८२/०२/१९ को पत्र तथा सो साथ प्राप्त सूचना संलग्न छन् । सो सम्बन्धमा आयोगबाट अनुरोध भएबमोजिम गाउँपालिका/नगरपालिकाको वडा तहसम्म सशस्त्र द्वन्द्वका पीडितहरुले तोकिएबमोजिम उजुरी गर्नसक्ने वातावरण निर्माणका लागि आवश्यक सहजीकरण हुन आदेशानुसार अनुरोध छ ।

२/१९

(दीपेश कट्टेल)

शाखा अधिकृत

<u>बोधार्थः</u>

श्री सत्य निरुपण तथा तथा मेलमिलाप आयोग नेपाल, हाँडीगाउँ, काठमाडौं ।

श्री जिल्ला समन्वय समिति (सबै) : सम्बन्धित जिल्लाका गाउँपालिका, नगरपालिकामा आवश्यक समन्वय हुन।

श्री सूचना प्रविधि शाखाः सबै गाउँपालिका, नगरपालिका तथा जिल्ला समन्वय समितिको ईमेलमार्फत पत्र प्रेषित गरी मन्त्रालयको वेबसाइटमा अपलोड समेत गरिदिनुहुन ।

नेपाल सरकार

# सत्य निरुपण तथा मेलमिलाप आयोग नेपाल

हाँडीगाउँ, काठमाण्डौ

प.सं.:०८१/८२
च.नं. २०४

मितिः २०८२/०२/१९
११४५ तछलाध्व

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाण्डौ ।

विषयः आवश्यक सहजिकरण गरिदिने सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा यस आयोगबाट मिति २०८२/०२/१९ मा *बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१* को दफा १३ को उपदफा ६(क) र उपदफा (६ख) बमोजिम प्रकाशन गरिएको यसै साथ संलग्न सूचनाहरू सबै स्थानीय तहको प्रत्येक वडासम्म पुग्ने गरी सबै स्थानीय तहहरुलाई देहाय बमोजिमको व्यहोरा उल्लेख गरी प्रकाशित सूचनाहरु समेत संलग्न राखी परिपत्र गरी आयोगको कार्यमा सहजिकरण गरिदिनुहुन निर्णयानुसार अनुरोध छ ।

<u>देहाय</u>

१. सूचना नं. १ बमोजिम सशस्त्र द्वन्द्वको अवधिको जबरजस्ती करणी र यौनजन्य हिंसाका पीडितहरूले उजुरी दिंदा पीडितको गोपनीयतालाई कायम गरी सम्बन्धित जिल्लाको जिल्ला सरकारी वकील कार्यालयमार्फत वा आयोगको कार्यालय काठमाण्डौमा मिति २०८२/०५/०५ सम्म उजुरी दिन सक्ने।
२. सूचना नं. २ बमोजिम यस अघि काबु बाहिरको परिस्थिति परी उजुरी दिन छुट भएका सशस्त्र द्वन्द्वका पीडितहरूले के कस्तो काबु बाहिरको परिस्थिति परी छुट भएको हो ? त्यसको आधार र कारण सहित आयोगको कार्यालय काठमाण्डौमा मिति २०८२/०५/०३ भित्र उजुरी दिन सक्ने ।

.............................
विष्णु बहादुर घर्ती
शाखा अधिकृत

सूचना नं. १

# सत्य निरूपण तथा मेलमिलाप आयोग
## हाँडीगाउँ, काठमाण्डौं
## उजुरी माग सम्बन्धी सूचना

*बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१* को तेस्रो संशोधनद्वारा सो ऐनको दफा १३ मा थप भएको उपदफा (६क) मा "अध्यक्ष तथा सदस्यको पदमा नियुक्ति भएपछि आयोगले सशस्त्र द्वन्द्वको क्रममा जबरजस्ती करणी वा गम्भीर यौनजन्य हिंसामा परेका पीडित वा निजको तर्फबाट यस अघि उजुरी दिन छुट भएको भए आयोगमा उजुरी दिन एक पटकको लागि तीन महिनाको म्याद दिई सार्वजनिक सूचना प्रकाशन गरी उजुरी माग गर्नेछ" भन्ने व्यवस्था रहेको। यस आयोगमा मिति २०८२।०२।०४ मा अध्यक्ष तथा सदस्यको नियुक्ति भएको हुँदा सशस्त्र द्वन्द्वको क्रममा जबरजस्ती करणी वा गम्भीर यौनजन्य हिंसामा परेका पीडित वा निजको तर्फबाट यस अघि उजुरी दिन छुट भएको भए यो सूचना प्रकाशित भएको मितिले तीन महिना अर्थात् मिति २०८२।०५।०५ भित्र काठमाण्डौं महानगरपालिका वडा नं. ५, हाँडीगाउँमा रहेको आयोगको कार्यालयमा वा आयोगको इमेल ठेगाना trcbabarmahal@gmail.com मा वा सम्बन्धित जिल्लाको जिल्ला सरकारी वकिल कार्यालय मार्फत देहायको ढाँचामा उजुरी दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

# सत्य निरूपण तथा मेलमिलाप आयोगमा दिने उजुरीको ढाँचा

१. उजुरीकर्ताको,-

(क) नाम, थर :-

(ख) ठेगाना-

(अ) स्थायी :- प्रदेशः जिल्लाः न.पा /गा.पाः वडा नः

(आ) अस्थायी :- प्रदेशः जिल्लाः न.पा /गा.पाः वडा नः

(इ) टेलिफोन, मोवाइल नं. इमेल :-

२. जबरजस्ती करणी वा गम्भीर यौनजन्य हिंसामा परेको व्यक्तिको,-

(क) नाम, थर :-

(ख) ठेगाना :-

(अ) स्थायीः

(आ) अस्थायीः

(इ) टेलिफोन, मोवाइल नं, इमेलः

(ग) पारिवारिक विवरण :-

(घ) पेशा :-

(ङ) हालको अवस्था :-

(च) जवरजस्ती करणी वा गम्भीर यौनजन्य हिंसा भएको स्थान, मिति र समय :-

(छ) उमेर :-

३. जबरजस्ती करणी वा गम्भीर यौनजन्य हिंसा गर्ने पक्ष, व्यक्तिको थाहा भएसम्मको

(क) नाम, थर, ठेगाना र हुलियाः-

(ख) तत्काल वा हाल कुनै कार्यालयमा कार्यरत भए तत्काल कार्यरत वा हाल कार्यरत कार्यालयको नाम र ठेगानाः-

४. जबरजस्ती करणी वा गम्भीर यौनजन्य हिंसा सम्बन्धी उजुरीको व्यहोरा :-

५. घटनासँग सम्बन्धित सबूद प्रमाण :-

(क) देख्ने :-

(ख) सुन्ने :-

(ग) कागज :-

(घ) तस्वीर :-

(ङ) अन्य :-

६. जबरजस्ती करणी वा गम्भीर यौनजन्य हिंसा सम्बन्धी अन्य कुनै कुरा भए सोको विवरण :-

७. यस विषयमा अन्य कुनै निकायमा उजुरी गरेको भएमा उजुरी गरेको निकाय, भएको कारवाहीको विवरण र पुनः उजूरी दिनुको कारण :-

८. माथि लेखिएको व्यहोरा ठीक साँचो छ, झुट्टा व्यहोरा लेखेको ठहरे कानून बमोजिम सहुँला, बुझाउँला।

उजुरीकर्ताको,-

दस्तखत :-

मिति :-

द्रष्टव्यः (१) उजुरीकर्ताले नाम, थर, वतन गोप्य राख्न चाहेकोमा सो व्यहोरा उल्लेख गर्नु पर्नेछ।

(२) माथि उल्लिखित फारामको विभिन्न महलमा भर्ने विवरण नअटेमा छुट्टै पानामा लेखी फारामसँग संलग्न गर्नु पर्नेछ।

(३) उजुरी आह्वान सम्बन्धी थप जानकारीका लागि आयोगको इमेल trcbabarmahal@gmail.com तथा टेलिफोन नम्बर ०१-४५३०११६ मा सम्पर्क गर्न सकिने छ।

सूचना नं. २

# सत्य निरूपण तथा मेलमिलाप आयोग

हाँडीगाउँ, काठमाण्डौं

## जानकारी सम्बन्धी सूचना

*बेपत्ता पारिएका व्यक्तिको छानबिन तथा सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१* को तेस्रो संशोधनद्वारा सो ऐनको दफा १३ मा थप भएको उपदफा (६ख) मा "आयोगले यस अघि उजुरी माग गरेको अवधिभित्र कावु बाहिरको परिस्थिति परी उजुरी दिन नपाएका पीडितले त्यस्तो उजुरी दिन नसकेको आधार र कारण खोली आयोगको अध्यक्ष तथा सदस्यको नियुक्ति भएको मितिले तीन महिनाभित्र आयोग समक्ष उजुरी दिन सक्नेछ" भन्ने व्यवस्था रहेको छ। यस आयोगमा मिति २०८२।०२।०४ मा अध्यक्ष तथा सदस्यको नियुक्ति भएको हुँदा उल्लिखित अवधिभित्र काबु बाहिरको परिस्थिति परी उजुरी दिन नपाएको पीडितले मिति २०८२।०२।०४ ले तीन महिना अर्थात् मिति २०८२।०५।०३ भित्र यस अघि आयोगले उजुरी माग गरेको अवधिमा कावु बाहिरको परिस्थिती परी त्यसरी उजुरी दिन नसकेको स्पष्ट आधार र कारण सहित सत्य निरूपण तथा मेलमिलाप आयोग, हाँडीगाउँ, काठमाडौंमा देहायको ढाँचामा उजुरी दिन सकिने व्यहोरा सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

<u>सत्य निरूपण तथा मेलमिलाप आयोगमा दिने उजुरीको ढाँचा</u>

१. उजुरीकर्ताको,-

(क) नाम, थर :-

(ख) ठेगाना-

(अ)स्थायी :- प्रदेशः जिल्लाः न.पा /गा.पाः वडा नः

(आ) अस्थायी :- प्रदेशः जिल्लाः न.पा /गा.पाः वडा नः

(इ) टेलिफोन, मोवाइल नं. इमेल :-

२. मानव अधिकारको उल्लङ्घन वा मानव अधिकारको गम्भीर उल्लङ्घन भएको व्यक्तिको,-

(क) नाम, थर :-

(ख) ठेगाना :-

(अ) स्थायीः

(आ) अस्थायीः

(इ) टेलिफोन, मोवाइल नं, इमेलः

(ग) पारिवारिक विवरण :-

(घ) पेशा :-

(ङ) हालको अवस्था :-

(च) मानव अधिकारको उल्लङ्घन वा मानव अधिकारको गम्भीर उल्लङ्घन भएको स्थान, मिति र समय :-

(छ) उमेर :-

३. मानव अधिकारको उल्लङ्घन वा मानव अधिकारको गम्भीर उल्लङ्घन गर्ने पक्ष, व्यक्तिको थाहा भएसम्मको

(क) नाम, थर, ठेगाना र हुलिया :-

(ख) तत्काल वा हाल कुनै कार्यालयमा कार्यरत भए तत्काल कार्यरत वा हाल कार्यरत कार्यालयको नाम र ठेगाना :-

४. मानव अधिकारको उल्लङ्घन वा मानव अधिकारको गम्भीर उल्लङ्घन सम्वन्धी उजुरीको व्यहोरा :-

५. घटनासँग सम्बन्धित सबूद प्रमाण :-

(क) देख्ने :-

(ख) सुन्ने :-

(ग) कागज :-

(घ) तस्वीर :-

(ङ) अन्य :-

६. मानव अधिकारको उल्लङ्घन वा मानव अधिकारको गम्भीर उल्लङ्घन सम्बन्धी अन्य कुनै कुरा भए सोको विवरण :-

७. यस विषयमा अन्य कुनै निकायमा उजुरी गरेको भएमा उजुरी गरेको निकाय, भएको कारवाहीको विवरण र पुनः उजूरी दिनुको कारण :-

८. माथि लेखिएको व्यहोरा ठीक साँचो छ, झुट्टा व्यहोरा लेखेको ठहरे कानून बमोजिम सहुँला, बुझाउँला।

उजुरीकर्ताको-

दस्तखत :-

मिति :-

द्रष्टव्यः (१) उजुरीकर्ताले नाम, थर, वतन गोप्य राख्न चाहेकोमा सो व्यहोरा उल्लेख गर्नु पर्नेछ।

(२) माथि उल्लिखित फारामको विभिन्न महलमा भर्ने विवरण नअटेमा छुट्टै पानामा लेखी फारामसँग संलग्न गर्नु पर्नेछ।

(३) उजुरी आह्वान सम्बन्धी थप जानकारीका लागि आयोगको इमेल trcbabarmahal@gmail.com तथा टेलिफोन नम्बर ०१-४५३०११६ मा सम्पर्क गर्न सकिने छ।

सत्य निरूपण तथा मेलमिलाप आयोग नेपाल